बैठक संख्या: ०९ - ०७८/७९

मितिः २०७८/११/१९

सत्यवती गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जोहाङ, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल

**प्रस्तावहरु:**

प्रस्ताव नं. १: खरको छाना बिस्थापित हरुको बाँकि रकम भुक्तानि सम्बन्धमा ।

प्रस्ताव नं. २: नमूना जलबायु परिवर्तनको बजेट बाँडफाड सम्बन्धमा ।

प्रस्ताव नं. ३: मनसुनजन्य बिपद् सम्बन्धमा ।

प्रस्ताव नं. ४: बिबिध सम्बन्धमा ।

निर्णयहरुः

निर्णय नं. १: प्रस्ताव नं. १ माथि छलफल गर्दा सुरक्षित आवास मा गत वर्ष कार्यक्रम स्विकृत भएर पनि रकम निकासा प्राप्त नभएको तथा खरको छाना फेरी टिनले छाएर सम्पन्न गरिसकेका लाभग्राही हरुले पहिलो किस्ता र दोश्रो किस्ता रकम समेत नपाएको कारण अत्यन्तै गुनासो आएकोले सम्पन्न गरिसकेका लाभग्राहीहरु लाई हाल जुनसुकै श्रोतबाट भएपनि सापटिको रुपमा भुक्तानी गर्ने र रकम निकासा भई नआएमा गाउँपालिकाको जुनसुकै शिर्षकमा बचेको रकम बाट ब्यहोर्ने निर्णय गरियो ।

निर्णय नं. २: प्रस्ताव नं. २ माथि छलफल गर्दा नमूना जलबायु शिर्षकको बजेट रु १५००००००/- (अक्षरुपि रु एक करोड पचास लाख) गाउँपालिकाका आठ वटै वडाका गाउँ बस्तिहरुलाई छनोट गरि देहाय बमोजिमका उपशिर्षकमा कार्यन्वयन गर्ने निर्णय गरियो ।

देहाय

| क्र.सं. | आयोजनाको नाम | वडा नं. | रकम (लाखमा) |
|---|---|---|---|
| १ | रामबारी कुलापारे टोल र नयाकुलो मर्मत | १ | २.५ |
| २ | मचाकोट कुलो(मोले खन्ड),ठाँटि देउरालि,रिप,माझीबस्ति भल नियन्त्रण | १ | ११ |
| ३ | सीम्ले पोखरी मचाकोट | १ | २.५ |
| ४ | गौडेपानी कुलो,हिले भल ब्यस्थापन,फेदीया दलित बस्ती कुलो तथा वाल,आरनटोल जाने कुलो र चिदियार तटबन्ध निर्माण तथा चेहेमी डाँडाघर धनबास कुलो निर्माण | २ | १० |
| ५ | चेहेमी पोखरी र कुलो निर्माण | २ | २ |
| ६ | चेहेमी खानेपानी बिषेस योजना (यसै बर्षको सम्पन्न कार्यक्रम केन्द्रबाट निकासा भई नआएमा भुक्तान गर्नुपर्ने ।) | २ | २४ |
| ७ | काउले,गस्कोट,फलेबास लाकुरी चौपारी तटबन्ध योजना | ३ | १० |
| ८ | सीमराङ्दी सिंचाई योजना<br>कल्लाबारी सिंचाई योजना | ३ | ३ |
| ९ | ठाडोकुलो,चिउरिपाटा डरमुनी खन्ड कुलो निर्माण तथा (गलैचे कुलो निर्माण ५०,०००) | ४ | २.५ |
| १० | स्याङ पानी संकलन, पाईप खरिद बुलबुले सिंचाई तथा नादेवा | ४ | १० |

| | | | |
|---|---|---|---|
| | खोला तटबन्ध योजना | | |
| ११ | बान्द्रापुक बाँध तथा पिपलडाँडा कुलो निर्माण,खोरडाँडा कुलो निर्माण | ४ | ३ |
| १२ | जुम्दीखोला,तर्दीखोला,कुणुले रिप,ढाँड पहिरो तटबन्ध | ५ | १० |
| १३ | सोलिघोप्टे पोखरी,साहाघाट तटबन्ध,नेटा गुफा तटबन्ध पार्क निर्माण/बँगैचा निर्माण | ५ | ४<br>- |
| १४ | भकारो सुधार कार्यक्रम | ६ | १० |
| १५ | चेगाखोला-भुल्के-लप्रादी सिंचाई,रैकर चौपारी र खल्लुकारुख तटबन्ध | ६ | ३ |
| १६ | खरको छाना बिस्थापित | ७ | १० |
| १७ | झाईदेउ पार्क र बोटानिकल गार्डन निर्माण | ७ | ३ |
| १८ | भार्से खोला बिद्यालय क्षेत्र वाल तथा तटबन्ध योजना | ८ | १० |
| १९ | भार्से गुफा बँगैचा निर्माण | ८ | ३ |
| २० | जलुकेखोला-चिदीढाब-असीमुरे सिंचाई | | ४ |
| २१ | लापा कार्ययोजना निर्माण | | ५ |
| २२ | जलबायु परिवर्तन तालिम प्रचार प्रसार समेत | | ५ |
| २३ | प्रशासनिक खर्च | | २.५ |
| | | | १५० |

माथि उल्लेखित आयोजनाहरु कार्यन्वयन हुन नसके वा अन्य श्रोतको बचत भएमा अधुरो भएको ढाँडगैरा खानेपानी आयोजना सम्पन्न गर्ने।

निर्णय नं. ३: प्रस्ताव नं. ३ माथि छलफल गर्दा बिपद् बाट क्षति भएका ४५ घर हरुमा २८ घर पूननिर्माण र १७ घर निजि घडेरी समेत खरिद गर्ने मिति २०७८/०८/२७ को निर्णय अनुसार २८ जना लाभग्राहीहरुको सम्झौता समेत भएको र १७ निजि घडेरी समेत खरिद मा परेका लाभग्राहीको सम्झौता हुन बाँकी रहेकाले सोही बमोजिमका निजि घडेरी खरिद मा परेका लाभग्राही हरुको Status Un-verify गरिदिनुहुन राष्ट्रिय बिपद् जोखिम न्यूनिकरण तथा ब्यवस्थापन प्राधिकरण काठमाडौंमा अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं. ४: प्रस्ताव नं. ४ माथि छलफल गर्दा सत्यवती गाउँपालिकाको दशौं गाउँसभा मिति २०७८/११/२९ गतेका दिन गर्ने र सोको तयारी बैठक मिति २०७८/११/२३ गते बस्ने

परिश्वर ढकाल
अध्यक्ष

निर्णय गरियो साथै पाँच बर्षे कार्यकालको अन्तिम गाउँसभा भएकोले गाउँसभा सदस्य र कर्मचारी हरु सबैलाई सम्झना स्वरुप एक एक वटा झोला उपलब्ध गराउने निर्णय गरियो।

गाउँपालिकाको कार्यालय
गुल्मी
लुम्बिनी प्रदेश, नेपाल

पारिश्वर ढकाल
अध्यक्ष